म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १२५ २०८२ चैत १४ गते शनिबार 28 March 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## हामी नयाँ आकारमा

समृद्ध समाज राष्ट्रिय दैनिक मकवानपुरको लोकप्रिय दैनिक समाचारपत्र हो। हाम्रा पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुकहरु माफ हामीले आजबाट ब्रोडसिट आकारमा प्रकाशन सुरु गरेका छौं । छापा पत्रकारितामा पछिल्लो समय चुनौति बढ्दो छ। तर, हामी छापा पत्रकारितालाई आम पाठक सामु विश्वसनीय र प्रभावकारी माध्यमको रुपमा स्थापित गर्ने प्रयासमा छौं । छापा पत्रकारितालाई विश्वसनीय र प्रभावकारी बनाउने अभियानमा हामी हाम्रा पाठकबाट सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं। नयाँ आकारले हाम्रा पाठकहरुलाई हामीप्रति अझ बढी आकर्षित गर्ने आशा राखेका छौं ।

सम्पादक ।

# बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त



बालेन्द्र शाहलाई प्रधानमन्त्रीको सपथ गराउनुहुँदै राष्ट्रपति रामचन्द्र पौडेल ।

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र (बालेन) साहले प्रधानमन्त्रीको शपथग्रहण गर्नुभएको छ। शुक्रबार शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट ४० औं प्रधानमन्त्रीको रुपमा पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको हो ।

राष्ट्रपति पौडेलले संविधानको धारा ७६ को उपधारा (१) अनुसार बालेनलाई प्रधानमन्त्री नियुक्त गर्नुभएको हो । पूर्वनिर्धारित साइतअनुसार राष्ट्रपति कार्यालय शीतल निवासमा शुक्रबार दिउँसो ठिक १२ बजेर ३४ मिनेट जाँदा राष्ट्रपति रामचन्द्र पौडेलले बालेनलाई प्रधानमन्त्रीको शपथ गराउनभएको हो । शपथग्रहण समारोहमा १०८ जना बटुकबाट स्वस्ति शान्ति वाचन र १०७ जना बौद्ध भिक्षुबाट अष्टमंगल पाठ गरिएको थियो । प्रधानमन्त्रीले शपथग्रहण गरेलगत्तै शुक्रबार नै बालेन शाहले मन्त्रिपरिषद् पनि विस्तार गर्नुभएको छ।

नवनियुक्त प्रधानमन्त्री साहले अर्थमन्त्रीमा रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्ले, गृहमन्त्रीमा सुदन गुरुङ, परराष्ट्रमन्त्रीमा शिशिर खनाललाई नियुक्त गर्नुभएको छ । यस्तै, भौतिक पूर्वाधार तथा यातायात, सहरी बिकास मन्त्रीमा सुनिल लम्साल, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीमा विराजभक्त श्रेष्ठ नियुक्त हुनुभएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीमा खड्गराज पौडेल (गणेश), शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद मन्त्रीमा सस्मित पोखरेल, कानुन न्याय तथा संसदीय मामिला मन्त्रीमा सोविता गौतमलाई नियुक्ति गरिएको छ । सामान्य प्रशासन, सहकारी तथा गरिबी निवारण मन्त्रीमा प्रतिभा रावल, सञ्चार तथा सूचना प्रविधि मन्त्रीमा डा. विक्रम तिमल्सिना, स्वास्थ्य तथा जनसंख्या, खनेपानी मन्त्रीमा निशा मेहता, कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरण मन्त्रीमा गीता चौधरी, महिला तथा बालबालिका मन्त्रीमा सीता बादी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा दीपक साह नियुक्त भएका छन् ।

हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा साहले एमाले अध्यक्ष केपी ओलीलाई ४९ हजार ६१४ मतको फराकिलो अन्तरले पराजित गर्नुभएको थियो। कुल खसेको मतमध्ये साहले ६८ हजार ३ सय ४८ मत प्राप्त गर्दा एमाले अध्यक्ष ओली १८ हजार ७ सय ३४ मतमात्र प्राप्त गर्नुभएको थियो । झापा-५ विगत तीन दशकदेखि केपी शर्मा ओलीको निर्विकल्प किल्ला मानिन्थ्यो ।

काठमाडौंको नरदेवीमा जन्मिएका साहले एसएलसीसम्मको पढाइ त्यहिँको जलजला स्कूलबाट र उच्च माध्यमिक तहको पढाइ काठमाडौं तीनकुनेमा रहेको भीएस निकेतनबाट गर्नुभएको थियो। उहाँले ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटकस्थित विश्वेश्वरैया प्रौद्योगिकी विश्वविद्यालयबाट इस्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गर्नुभएको थियो ।

विसं २०७२ मा नेपालमा महाभूकम्प गएपछि देशका विभिन्न स्थानमा गएर पुनर्निर्माणको काममा समेत संलग्न भएका साह आफ्नै नाममा बालेन कन्सल्टिङ र कन्स्ट्रक्सन प्रालि नामक कम्पनीसमेत दर्ता गरेर इन्जिनियरिङको काम गर्दै आउनुभएको थियो। यसबाहेक र्‍याप गायकको रुपमा परिचित भइसक्नुभएका साहले गाउनुभएको र्‍याप गीतहरु निकै चर्चित र रुचाइएका छन् । यसअघि सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखका लागि उम्मेदवारी दिएपछि साह प्रत्यक्ष राजनीतिमा आउनुभएको हो ।

तनहुँ-२ बाट निर्वाचित हुनुभएका नवनियुक्त अर्थमन्त्री स्वर्णिम वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टीका उपभापति पनि हुनुहुन्छ । वाग्लेले अस्ट्रेलियन नेसनल युनिभर्सिटीबाट अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ भने उहाँसँग राष्ट्रसंघीय विकास कार्यक्रम (युनडीपी) को एसिया प्रशान्त क्षेत्रको प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरेको अनुभव छ ।

यसबाहेक सर्वांगीण विकास अध्ययन केन्द्र (आइआइडिएस), विश्व बैंक र काठमाडौं विश्वविद्यालयमा पनि आबद्ध भएर काम गरेको उहाँको अनुभव छ । वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्नुअघि नेपाली कांग्रेसमा आबद्ध हुनुभएको थियो । उहाँलाई शेरबहादुर देउवाले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष नियुक्त गरेपछि झनै सक्रिय रहनुभएको थियो । विगतमा प्रतिनिधिसभाका बैठकहरूमा विकृत निर्माण व्यवसायी र खराब राजनीतिज्ञको बिरोध गर्दै आउनुभएका वाग्लेले सरकारले निजी क्षेत्रलाई खुम्च्याइएको र उत्पादनमूलक क्षेत्रमा लगाउन सकिने पुँजी अनुत्पादक क्षेत्रमा प्रयोग गरेको आरोप लगाउदै आउनुभएको थियो ।

काठमाडौं क्षेत्र नम्बर ६ बाट निर्वाचित सांसद शिशिर खनाल परराष्ट्रमन्त्री हुनुभएको छ। यसअघि २०७९ सालको चुनावपछिको सरकारमा शिक्षामन्त्री बन्नुभएको खनालले राजनीतिक अर्थशास्त्रमा अमेरिकाको बृजपोर्ट विश्वविद्यालयबाट स्नातक गर्नुभएको छ । अमेरिकाकै युनिभर्सिटी अफ विस्कन्सिनमा सार्वजनिक नीतिशास्त्रमा स्नातकोत्तर गरेर नेपाल फर्किनुभएका खनालले सन् २०१२ मा 'टिच फर नेपाल' स्थापना गर्नुभएको थियो ।

अमेरिकामा पढ्दा अन्तर्राष्ट्रिय विद्यार्थीबाट कलेज सिनेटर भएको उहाँले कनेक्टिक राज्यसभा (प्रदेश संसद) का सिनेटरसँग काम गर्नुभएको खनालसँग सिनेटरको निर्वाचन क्षेत्रका मुद्दा पहिचान र नीति बनाउन सहयोग गरेको अनुभव छ । नेपाल फर्केर शिक्षा क्षेत्रमा काम गरेका खनालले २०७९ सालको स्थानीय निर्वाचन क्रममा नेपाली कांग्रेसको घोषणापत्र बनाउने कार्यदलमा समेत रहनुभएको थियो । रास्वपामा प्रवेश गरेपछि आफ्ना सभापति रवि लामिछानेलाई सहकारी ठगीको आरोप लागेपछि त्यसको छानविन गर्न बनेको समितिमा बसेर पनि काम गर्नुभएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट गोरखा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएका सुधन गुरूङ गृहमन्त्री बन्नुभएको छ। ३८ वर्षीय गुरुङ गोरखाको चुमनुब्री गाउँपालिका-३, सिर्दिवासस्थित पाङसिङ गाउँका गुरुङका बुबा दिलबहादुर गुरूङ तत्कालीन माओवादीमा आबद्ध थिए ।

सुधनले 'हामी नेपाल' संस्थाका संस्थापक अध्यक्ष भएर सामाजिक क्षेत्रमा काम गर्नुभएको थियो भने २०७२ सालको भुइँचालोको बेला उनले राहत तथा उद्दार क्षेत्रमा काम गरेको पाइन्छ। भदौ २३ को जेनजी आन्दोलनको क्रममा पानी बाँड्ने र एम्बुलेन्स व्यवस्थापनका क्रममा सहभागी भएपछि गुरुङको नाम चर्चामा आएको थियो । जेनजी आन्दोलनपछि स्थापित अन्तरिम सरकारका पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा सरकार नबनुन्जेलसम्म सुधनले समन्वयकारी भूमिका खेल्नुभएको थियो ।

नवनियुक्त ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ काठमाडौं क्षेत्र नम्बर ८ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुनुहुन्छ । २०७४ सालमा विवेकशील साझा पार्टीबाट बागमती प्रदेशसभा सदस्य भएका विराज २०७९ सालमा प्रतिनिधिसभामा चुनिनुभएको थियो । अघिल्लोपटक रास्वपा सरकारमा सहभागी भएका बेला युवा तथा खेलकुद मन्त्री हुनुभएको थियो। श्रेष्ठले वाणिज्य तथा व्यापार प्रशासनमा स्नातकसम्म अध्ययन गर्नुभएको श्रेष्ठसँग अस्पताल व्यवस्थापनको जिम्मेवारी सम्हालेको अनुभव छ ।

चितवन क्षेत्र नम्बर ३ बाट चुनाव लडेर भरतपुर महानगरकी पूर्वमेयर रेनु दाहालाई हराएकी सोविता गौतम कानुनमन्त्री बन्नुभएको छ। निर्वाचनमा गौतमले ५९ हजार २७७ मत प्राप्त गर्नुभएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीबाट पहिलो पटक चुनाव लड्दा काठमाडौं-२ मा उम्मेदवार रहनुभएकी गौतमले पटकमै पूर्वसभामुख समेत रहेकी ओनसरी घर्तीलाई पराजित गर्दै विजयी बन्नुभएको थियो । राजनीतिमा आउनुअघि सञ्चार क्षेत्रमा काम गर्ने गौतम कानुनकी विद्यार्थी हुनुहुन्थ्यो। उहाँले त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेसनल कलेजबाट बिए एलएलबी गर्नुभएको छ । तीनवर्षे संसदको कार्यकालमा सोविताले संसदको कानुन, न्याय र मानवअधिकार समिति सदस्य भएर काम गर्नुभएको थियो।

सञ्चार तथा सूचना प्रविधि मन्त्री हुनुभएका डा. विक्रम तिमल्सिना नुवाकोट क्षेत्र नम्बर १ बाट कांग्रेसका प्रकाशशरण महतलाई पराजित गरी प्रतिनिधिसभको सांसद हुनुभएको हो । पञ्चकन्या गाउँपालिका बानियाटारका ४३ वर्षीय उहाँले विधावारिधी (पिएचडी) गर्नुभएको छ। तिमल्सिनाले अस्ट्रेलियाको ग्रेफथ विश्वविद्यालयको स्कुल अफ गभर्मेन्ट एन्ड इन्टरनेसनल रिलेशनमा पिएचडी गर्नुभएको छ । यस्तै, त्रिभुवन विश्वविद्यालयबाट उहाँले अंग्रेजीमा स्नातकोत्तर गर्नुभएको छ । तीन वर्षदेखि उहाँले त्रिविअन्तर्गत राष्ट्रिय सशस्त्र प्रहरी बल एकेडेमीमा सशस्त्र प्रहरी अधिकृतहरूको लागि पोस्ट ग्राजुएट डिप्लोमा अन्तर्गत सुरक्षा व्यवस्थापन र त्रिविको मानविकी संकाय अन्तर्गत सुशासन तथा भ्रष्टाचार निवारण विषय अध्यापन गराउँदै आउनुभएको थियो ।

२०५२ सालमा वीरेन्द्रनगर-११ को अस्थायी बस्तीमा जन्मिनुभएकी सीता बादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बन्नुभएको छ । छुवाछुत, सामाजिक बहिष्कार, भूमिहीन र गरिबीको अनुभवमा हुर्कनुभएकी बादीले १२ वर्षको किशोर वयमा एक सामाजिक संस्थाको सहयोगमा विद्यालय टेक्ने अवसर पाउनुभएको थियो । उहाँले निरन्तरको संघर्षपश्चात राजनीतिशास्त्रमा स्नातकोत्तर सम्मको पढाइ पूरा गर्नुभएको छ । पत्रकारिता र सामाजिक कार्यमा सक्रिय रहँदै उहाँ रास्वपाको राजनीतिमा जोडिनुभएको थियो ।

## हेटौंडा सिमेन्टले किलिङ्कर उत्पादन सुरु गर्‍यो

समाज संवाददाता

हेटौंडा : पूर्ण सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले शुक्रबारबाट किलिङ्कर उत्पादन सुरु गरेको छ । गत भदौ २४ गतेदेखि किलिङ्कर उत्पादन बन्द भएको थियो। शुक्रबार बिहान साढे ४ बजेबाट किलिङ्कर उत्पादन सुरु गरिएको उद्योगका वरिष्ठ अधिकृत हरेराम आचार्यले जानकारी दिनुभयो ।

आचार्यका अनुसार करिब २ साताका लागि पुग्ने कच्चा पदार्थ रहेको र थप कच्चा पदार्थ व्यवस्थापनको कार्य भइरहेको छ । कच्चा पदार्थको आपूर्ति व्यवस्थापन भए किलिङ्कर उत्पादन कार्य जारी रहने आचार्यले बताउनुभयो । हेटौंडा सिमेन्ट विक्री पनि भइरहेको छ। निजी उद्योगहरुले मूल्य बढाइरहेको अवस्थामा सरकारी स्वामित्वको उद्योग सञ्चालनमा आउनुलाई सकारात्मकरुपमा हेरिएको छ। लामो समयदेखि उत्पादन बन्द रहँदा हेटौंडा सिमेन्ट उद्योगले कार्यरत कर्मचारीको तलब भुक्तानी गर्न सकेको छैन । यस्तै निवृत्त भएका कर्मचारीहरु पनि खाली हात घर फर्कन बाध्य छन् ।

## अधिकृतसहित दुईविरुद्ध मुद्दा दर्ता

समाज संवाददाता

हेटौंडा : अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यातायात व्यवस्था कार्यालय, हेटौंडामा कार्यरत अधिकृत छैटौं अमृत भेटुवाल र लेखापढी व्यवसायी खगेन्द्र पौडेलविरुद्ध भ्रष्ट्राचार मुद्दा दायर गरेको छ । सवारी साधनको सरुवा सहमति मिलाइदिने भन्दै सेवाग्राहीसँग ११ हजार ५ सय रुपैयाँ घुस लिएको आरोपमा उनीहरूविरुद्ध बिहीबार काठमाडौंस्थित विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

यसअघि हेटौंडास्थित अख्तियारको टोलीले फागुन १३ गते सेवाग्राहीबाट घुस लिइसकेको अवस्थामा लेखापढी व्यवसायी पौडेललाई नियन्त्रणमा लिएको थियो । सोही प्रकरणमा अधिकृत भेटुवाललाई समेत नियन्त्रणमा लिइएको थियो। दुवै जना हालसम्म अख्तियारकै नियन्त्रणमा रहेका छन्। अनुसन्धानका क्रममा भेटुवाल र पौडेलबीच आपसी मिलेमतो तथा पूर्वयोजनामै घुस लेनदेन भएको पुष्टि भएको आयोगको दावी छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार दुवै जनाविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम ११ हजार ५ सय रुपैयाँ बिगो कायम गरी सोही बराबरको जरिवाना र कैद सजायको मागदाबी गरिएको छ।

# बालेन क्याविनेटमा बागमतीलाई ५ मन्त्रालय

समाज संवाददाता

हेटौंडा : प्रधानमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) को नेतृत्वमा शुक्रबार नयाँ सरकार गठन भएको छ । नवगठित मन्त्रिपरिषद्मा संघीय राजधानी समेत रहेको बागमती प्रदेशले महत्वपूर्ण ५ मन्त्रालय पाएको छ ।

बालेन क्याबिनेटमा बागमती प्रदेशबाट मात्रै ५ जना मन्त्री नियुक्त भएका छन् । बालेन क्याविनेटमा मन्त्री बनेका आधिकांश काठमाडौंका रहेका छन् । जसमा काठमाडौंका ३ जना, नुवाकोट र चितवनका १/१ जना रहेका छन् । बालेन क्याविनेटमा विराजभक्त श्रेष्ठ उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बन्नुभएको छ भने शिशिर खनाल परराष्ट्र मन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्री बन्नुभएको छ। डा. विक्रम तिमल्सिना सञ्चार तथा सूचना प्रविधि मन्त्री बन्नु भएको छ भने सोबिता गौतम कानुन, न्याय तथा संसदीय मामिला मन्त्री बन्नुभएको छ ।

विशेषगरी काठमाडौं क्षेत्र नम्बर-५, ६ र ८ बाट ३ जना मन्त्री रहेका छन् भने चितवन-३ र नुवाकोट-१ बाट एक/एक जना मन्त्री बन्नुभएको छ। उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बनेका श्रेष्ठ काठमाडौं-८ का हुन् भने परराष्ट्र मन्त्री बन्नुभएका खनाल काठमाडौं-६ को हुनुहुन्छ । काठमाडौं-५ का पोखरेलले शिक्षा, विज्ञान तथा प्रविधि र युवा खेलकुद मन्त्री बन्नुभएको छ भने नुवाकोट-१ का डा. तिमल्सिना संचार तथा सूचना प्रविधि मन्त्री बन्नुभएको छ । चितवन-३ की गौतम कानुन न्याय तथा संसदीय मामिला मन्त्री बन्नुभएको छ ।

काठमाडौं-५ बाट 'हेभीवेट' नेताहरु एमालेका ईश्वर पोखरेल र कांग्रेसका प्रदीप पौडेललाई पराजित गर्दै सस्मितले संसदको यात्रा तय गर्नुभएको हो । काठमाडौं महानगरपालिकामा बालेन्द्र शाहको शिक्षा सल्लाहकार र विज्ञका रुपमा काम गरिसकेका पोखरेलले महानगरको छात्रवृत्ति प्रणालीमा क्रान्तिकारी सुधार गर्नुभएको हो । यसअघि १९ दिन शिक्षा मन्त्री बन्नुभएका खनाल यसपटक परराष्ट्र मन्त्रालयको जिम्मेवारीमा फर्किनु भएको हो। अमेरिकाबाट सार्वजनिक नीतिमा स्नातकोत्तर गर्नुभएका खनाल रास्वपाको अन्तर्राष्ट्रिय विभाग प्रमुख समेत हुनुहुन्छ । कूटनीतिक र आर्थिक क्षेत्रमा दखल राख्ने खनालले नेपालको विदेश नीतिलाई आधुनिक र सन्तुलित बनाउने अपेक्षा गरिएको छ ।

पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशशरण महतलाई उहाँकै गृहजिल्ला नुवाकोटमा पराजित गरेर डा. तिमल्सिना चर्चामा आएका हुन् । अष्ट्रेलियाबाट अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्नुभएका उहाँसँग सञ्चार क्षेत्रको १५ वर्ष लामो अनुभव छ । उहाँले सञ्चार मन्त्रालयमा नीतिगत र प्राविधिक सुधार गर्ने लक्ष्य राख्नुभएको छ ।

काठमाडौं-८ बाट पुनः निर्वाचित श्रेष्ठ दुई वर्षको अन्तरालमा दोस्रो पटक मन्त्री बन्नुभएको हो । यसअघि खेलकुद मन्त्रीका रूपमा सफल कार्यकाल बिताउनुभएका उहाँले 'तथ्यांक र तर्क' मा आधारित राजनीतिको पक्षपाती मानिन्छन् । सम्पदा संरक्षण र वातावरण अभियन्ताका रुपमा चिनिने उहाँलाई यसपटक विकासको मेरुदण्ड मानिने उर्जा मन्त्रालयको जिम्मेवारी दिइएको छ। चितवन-३ मा रेणु दाहाललाई भारी मतान्तरले पराजित गर्नुभएको सोबिता गौतम नयाँ सरकारको कानुनी कमाण्डर बन्नुभएको छ । सुशासन र नागरिक अधिकारका मुद्दामा खरो उत्रिने गौतमले नेपालको कानुनी संरचनालाई नागरिकमैत्री र आधुनिक बनाउने प्राथमिकता राख्नुभएको छ।

# नयाँवर्षमा फेवा नववर्ष महोत्सव हुने



समाज संवाददाता

हेटौंडाः नयाँवर्ष २०८३ को अवसरमा नेपालको पर्यटकीय राजधानी पोखरामा २१ औं फेवा नववर्ष महोत्सव हुने भएको छ । चैत २९ गतेदेखि वैशाख १ गतेसम्म महोत्सव हुन लागेको होटल संघ पोखराले जानकारी दिएको छ ।

'जाउँ है पोखरा' आन्तरिक पर्यटक प्रवर्द्धन अभियान अन्तर्गत हेटौंडामा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा संघले महोत्सवको बारेमा जानकारी गराएको हो। संघले आन्तरिक पर्यटन प्रबद्धर्न गर्ने मुख्य उद्देश्यले 'जाउँ है पोखरा' अभियान सञ्चालन गरेको हो । सोमबारदेखि शुक्रबारसम्म सञ्चालन गरिएको अभियानमा वीरगञ्ज, विराटनगर, इलाम र हेटौंडामा संघले छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको थियो।

हेटौंडामा आयोजित कार्यक्रममा होटेल एसोसिएसन मकवानपुरका संस्थापक अध्यक्ष भागिरथ शर्माको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा सभाध्यक्षता गर्नु भएका होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले दिगो पर्यटनको मूल आधार नै आन्तरिक पर्यटक भन्ने मान्यताका साथ विगत २५ वर्षदेखि यो अभियान सञ्चालन गर्दै आएको बताउनुभयो ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संघले फेवा नववर्ष महोत्सका साथै भाइटीका महोत्सव, खाना महोत्सवजस्ता कार्यक्रम गर्दै आएको उहाँले बताउनुभयो। सुवेदीका अनुसार एक दिनमा पोखराका होटलले ४० हजार जनालाई सेवा दिन सक्छछन् भने १५ हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् ।

२१ औं फेवा नववर्ष महोत्सवमा आगन्तुक पाहुनालाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको अध्यक्ष सुवेदीले बताउनुभयो । कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका वरिष्ठ निर्देशक मणिराज लामिछाने, होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य शंकरलाल श्रेष्ठलगायतको विशिष्ट आतिथ्य रहेको थियो ।



# युद्ध र यसको प्रभावः शान्तिको आवश्यकता



✍सरोज प्रसाद साह




आजको विश्व तीव्र विकास, प्रविधिगत प्रगति र विश्वव्यापी अन्तरनिर्भरताको युगमा रहेको छ । यद्यपि, यति धेरै प्रगतिका बाबजुद पनि मानव सभ्यता अझै युद्ध र द्वन्द्वको समस्याबाट पूर्ण रुपमा मुक्त हुन सकेको छैन । विभिन्न राष्ट्रहरूबीचको शक्ति सन्तुलन, भूराजनीतिक स्वार्थ, स्रोतसाधनमाथिको नियन्त्रण र विचारधारात्मक मतभेदले विश्वका धेरै क्षेत्रहरूमा अस्थिरता निम्त्याइरहेको छ । यस कारण, युद्ध अब केवल सीमित भौगोलिक घटना नभई विश्वव्यापी प्रभाव पार्ने गम्भीर संकटको रूपमा देखा परेको छ ।

आर्थिक दृष्टिकोणबाट युद्ध अत्यन्त विनाशकारी हुन्छ । युद्धका कारण देशका आधार भूत पूर्वाधारहरू–जस्तै सडक, उद्योग, ऊर्जा प्रणाली र सञ्चार संरचना–ध्वस्त हुन्छन् । उत्पादन घट्छ, रोजगारीका अवसरहरू कम हुन्छन् र सर कारहरू विकासका लागि छुट्याइएको बजेटलाई सैन्य क्षेत्रमा खर्च गर्न बाध्य हुन्छन्। यसले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी घटाउँछ । साथै, अन्तर्राष्ट्रिय व्यापारमा अवरोध आउँछ, आपूर्ति शृंखला असन्तुलित हुन्छ र वस्तु तथा सेवाहरूको मूल्यवृद्धि हुन्छ । यस्तो आर्थिक अस्थिरताले विशेष गरी विकासशील राष्ट्रहरूलाई बढी प्रभावित बनाउँछ ।

मानवीय पक्ष अझै गम्भीर छ । युद्धका क्रममा हजारौं निर्दोष नागरिकहरूको ज्यान जान्छ र लाखौं मानिसहरू आफ्नो घरबार छोडेर विस्थापित हुन बाध्य हुन्छन्। शरणार्थी संकट विश्व समुदायका लागि ठूलो चुनौती बन्छ । शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरू अवरुद्ध हुन्छन्, जसले बालबालिका, महिला र वृद्धहरूलाई गहिरो असर पार्छ । युद्धले मानसिक स्वास्थ्यमा पनि दीर्घकालीन प्रभाव पार्छ–डर, आघात र असुरक्षाको भावना पुस्तौंसम्म रहन सक्छ ।

सामाजिक रूपमा युद्धले समाजलाई विभाजित गर्छ । जातीय, धार्मिक वा सांस्कृतिक आधारमा द्वन्द्व बढ्न सक्छ, जसले सामाजिक सद्भाव बिगार्छ। युद्धपछिको समाजमा अविश्वास, द्वेष र असमानता कायम रहन्छ, जसले दीर्घकालीन शान्ति स्थापना प्रक्रियालाई कठिन बनाउँछ । साथै, अपराध दर बढ्ने, कानुनी संरचना कमजोर हुने र शासन प्रणाली अस्थिर हुने सम्भावना पनि बढ्छ । वातावरणीय दृष्टिकोणबाट पनि युद्ध हानिकारक हुन्छ । विस्फोट, प्रदूषण र प्राकृतिक स्रोतहरूको अत्यधिक दोहनले वायु, जल र माटोमा नकारात्मक प्रभाव पार्छ । वन विनाश र जैविक विविधताको क्षतिले पर्यावरणीय सन्तुलन बिगार्छ। यसका साथै, युद्धबाट उत्पन्न हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनलाई अझ तीव्र बनाउँछ, जसको असर सम्पूर्ण मानव जातिले भोग्नुपर्छ ।

राजनीतिक रूपमा, युद्धले अन्तर्राष्ट्रिय सम्बन्धमा तनाव सिर्जना गर्छ । राष्ट्रहरूबीच अविश्वास बढ्छ र कूटनीतिक सम्बन्ध कमजोर हुन्छन् । यसले शस्त्र प्रतिस्पर्धा र नयाँ द्वन्द्वको सम्भावना बढाउँछ । दीर्घकालीन रूपमा, यसले विश्व शान्ति र सुरक्षालाई नै चुनौती दिन्छ । यस्ता बहुआयामिक प्रभावहरूका कारण युद्धको अन्त्य अपरिहार्य देखिन्छ । शान्ति स्थापना गर्न राष्ट्रहरूले संवाद, कूटनीति र सहकार्यलाई प्राथमिकता दिनुपर्छ । समस्या समाधानका लागि वार्ता र समझदारीलाई अघि बढाउनु आवश्यक छ । साथै, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र युवा पुस्ताले मिलेर शान्तिको पक्षमा आवाज उठाउनुपर्छ ।

युद्धरहित विश्व कुनै असम्भव लक्ष्य होइन । यो मानवताको साझा प्रयास, जिम्मेवारी र सकारात्मक सोचमा निर्भर गर्दछ । यदि हामीले शान्ति, सहअस्तित्व र पारस्परिक सम्मानलाई अंगिकार गर्‍यौं भने मात्र स्थिर, समृद्ध र सुरक्षित विश्व निर्माण सम्भव हुनेछ ।

# सुमीको 'जीवनको गोरेटो'

## (कृति समीक्षा)



✍विविशा रुम्बा


मुक्तक संग्रह 'जीवनको गोरेटो' नवसर्जक मुक्तककार सुमी थिङ्गको गहिरो अध्ययन, अनुभव र संवेदनशील सोचको परिणाम हो । यस संग्रहले समाज, जीवन र मानवीय अनुभूतिका विभिन्न पक्षहरूलाई निकै प्रभावकारी ढंगले प्रस्तुत गरेको छ । २०६८ मंसिर २६ गते मकवानपुरको राक्सिराङ गाउँपालिकामा जन्मिनुभएकी सुमी हाल हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयमा कक्षा-९ मा अध्ययनरत प्रतिभाशाली विद्यार्थी हुनुहुन्छ ।

उहाँ नवसर्जक साहित्य चौतारी नेपाल बागमती प्रदेशका सदस्य पनि हुनुहुन्छ । उहाँमा सानैदेखि भावानात्मक गुण भएको देखिन्छ । कक्षा ५, ६ देखि नै कविता हुँदै मुक्तक लेख्न सुरुवात गर्नु भएकी सुमीले त्यहीबाट साहित्यिक यात्रा सुरु भएको भन्ने पाइन्छ । मकवानपुरको साहित्यिक वातावरणमा आउँदा-जाँदा र विशेषगरी नेपाली शिक्षक डि.बी. बर्तौलाज्यूको समिपमा आउनु भएपछि उहाँबाट हौसलापूर्ण वातावरणमा सिक्दै, बुझ्दै, जान्दै अगाडि बढेपछि यति सुन्दर रचना यति धेरै लेख्न सफल हुनुभएको कुरा प्रष्ट हुन्छ ।

कलिलो उमेरमा नै लेखनमार्फत जीवनका खुसी, दुःख र भोगाइलाई समेट्दै बाआमा, मायाप्रेम र आशाका भावलाई सरल भाषाशैलीको साथ प्रस्तुति दिनु उहाँको मुक्तकीय विशेषता हो भन्ने मलाई लाग्छ । उहाँ यति सानै उमेरमा कलिला हातले कलम चलाएका र कलिला मस्तिष्कमा फुरिएका, निस्किएका मिठा शब्दहरुले राम्रो मुक्तककार बन्ने छाँटकाँट देखिन्छ । अझ भनौं विद्यार्थी जीवनलाई साहस, हिम्मत, हौसला बढाई चासोका साथ मुक्तक लेख्नु भएको छ उहाँको केही मुक्तक यस प्रकार छन् ।

*मुक्तक*
*पढी, गुणी राम्रो मान्छे बन्नुपर्छ*
*असल कुरा सबैलाई भन्नुपर्छ*
*गलत बाटोमा कहिल्यै हिँड्नु हुँदैन*
*आ ॅना कमजोरी आफैं निफन्नुपर्छ*

यसरी नै उहाँले सानै उमेरमा पारिवारिक वातावरण र विद्यालयको वातावरणबाट यति सुन्दर रचना लेख्न सफल हुनुभएको छ । उहाँको मुक्तकहरूमा प्रेमसँग सम्बन्धित आमाबुवाप्रति




बढी केन्द्रित, सद्भाव, जीवनप्रति गहिरो चिन्तन व्यक्त गर्न खोज्नुभएको र देशप्रति चासो लिनु र कतैकतै प्रेमका कुराहरु जोडिएका र मुक्तक लेखेर मुक्तककार बन्ने भावना व्यक्त गर्नुभएको छ ।

*जस्तैः*
*मुक्तक*
*मेरी आमा मायाकी हुन् खानी*
*मेरो बाबा हुन् मेरो जिन्दगानी*
*संसारकै प्रिय मेरा बाबाआमा*
*त्यसैकारण हु म सधैं भाग्यमानी ।*

*मुक्तक*
*जीवनमा यति धेरै माया खनाएर गयौ*
*मेरो मनमा ठाउँ तिमीले बनाएर गयौ*
*मनमा कसैलाई राख्दिन भन्दाभन्दै*
*तर पनि मेरो मनलाई मनाएर गयौ ।*

यस पुस्तकका मुक्तकहरूमा जीवनका यथार्थ पक्षहरू, सामाजिक सन्देश तथा मानवीय भावनाहरू अत्यन्तै सुन्दर ढंगले अभिव्यक्त भएका छन् । लेखकको भाषा शैली सरल, प्रभावकारी र पाठकको मन छुने खालको देखिन्छ । यही कारणले यो पुस्तक पाठकका लागि प्रेरणादायी र उपयोगी बन्ने विश्वास गर्न सकिन्छ । साहित्य समाजको ऐना हो भन्ने कुरा हामी सबैलाई थाहा छ । यस पुस्तकले पनि समाजका विविध पक्षहरूलाई उजागर गर्दै पाठकलाई सोच्न, बुझ्न र सकारात्मक परिवर्तनतर्फ अघि बढ्न प्रेरित गर्ने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । यस महत्वपूर्ण कृति प्रकाशनको लागि मुक्तककारलाई हार्दिक बधाई तथा आगामी दिनहरूमा अझ उत्कृष्ट सिर्जनाहरूको कामना व्यक्त गर्दछु ।

*मुक्तक*
*मिहिनेतको प्रतिक्षा सफलतामा व्यक्तिको उमेर हेरिँदैन*
*भगवानलाई पुजापाठ गरी ढोक्दैमा जिन्दगी फेरिँदैन*
*सही समयमै सुन्दर गन्तव्य चुनेका छौ सुमी तिमीले*
*साहित्य यात्रामा तिम्रो नाम कहिँकतै कहिल्यै केरिँदैन*

*कार्यसमिति सदस्य, साहित्य संगम मकवानपुर, हेटौंडा*

# Memories of School life



✍Pemba Thokar

I still remember the day when I was only four years old that I witnessed a painter painting different types of arts. It was multiplication of 1, 2, 3 and more, also I remember he was drawing painting of Sita, Anshu Verma etc. who were in a small frame but there was this big/ enormous painting of goddess Saraswati Mata. That wraps up the moments/ memories occured in lower kinder garden. Speaking of Upper K.G., my school materials were newly bought and after a few days it got turned apart which I didn't know how and it somehow led me to get frightened and scared for a brief moment of time. But as I was suffering hamster brain I was blunt at that time. I totally forget about the scoldings of my teacher. The very next day the paper again got torn apart and I turned out. To be very unlucky that day cause instead of getting scolded by her, I got my first beating in my school life.

Another memory of my where I learn off from my school during the lunch-break because of a stupid reason which is being terrified because my beloved mother had left me in the school which in that time I thought that my mother had left me forever inside the school. Thinking of it now, it makes me feel laugh-like emotion which really sets the mood. That's pretty much for the memories of upper K.G. I still remember the days when I was in class one to five . In those days everything felt new and simple. I used to go to school holding my school bag with little fear and lots of curiosity. I remember learning alphabets, number and basic reading and writing. My teachers used to guide me with care and-affect playing with friends during break-time sharing lunch, and laughing without any reason were the happiest parts of my early school life. Sometimes I got scolded for not completing homework, but those moment also taught me discipline in a small way. Those years were full or innocence, joy and small but beautiful memories that I still carry in my heart.

Speaking about class six to eight, those days were a mixture of confusion, growth and new experience. I entered a new stage where subject became harder and teacher became stricter. I remember feeling nervous when the class sections were divided and new friends were made. Gradually, I adjusted with classmates and teachers. Some teachers were very strict, especially in subject like Nepali and Math, which helped me become more serious about studies. I also participated in different activities singing songs, and shared many joyful moments with my friends. Even though there were struggles, punishments and pressure at times, those experiences shaped my understanding and helped me grow stronger both mentally and academically. And finally, class nine and ten were the most memorable and important years of my school life. In these classes, I experienced both enjoyment and responsibility together. At first, I and my friends were more focused of fun than studies, spending time talking, playing and enjoying every moment in school, Gradually, I realized the importance of education and future, especially during exam times. Coaching classes, homework pressure, pre-tests and final exams bought both fear and motivation. We shared laughter, stress, encouragement and support with each other. Farewell moment, school programs and daily school life created unforgettable memories. The bond with friends became stronger and easy day felt special.

Now, when I look back, those days bring tears of happiness and nostalgia. Class nine and ten were truly the golden chapters of my school life, where I learned not only subjects but also life lessons, friendship and the value of time. In conclusion, my school life was full of joy, learning, struggles and unforgettable memories. Now, when I look back, I feel happy emotional about those golden days.

*Class-10,*
*Sunrise English Boarding School,*
*Hetauda-12*

## गाउँखाने कथा

१. वरिपरी डिल माझमा टार, काम सकिनासाथ नुहाउँन हतार ।
- थाल

२. वनतिर जाँदा घरतिर मुख, घरतिर आउँदा वनतिर मुख ।
- बन्चरो

३. वरिपरी दुईटा झ्याल बीचमा खाल्डो, गाउँघरमा उमालेर बस्छु खोलेफाँडो ।
- कराही

४. वारी भ्याङ पारि भ्याङ, माझमा हेर्दा लुते करङ ।
- झोलुङ्गे पुल

५. सयौं छन् दाँत गजब छ जात, स्याइँस्याइँ गर्दै खान्छ काठ ।
- करौंती

## पुतली



✍दिया भुजेल

कति राम्री पुतली
रङ्गीचङ्गी रङ
हेर साथी फूल
पुतलीको हुल ॥

फूलको रस चुस्ने
फूलबारीमा डुल्ने
कति राम्री पुतली
हेर्दाहेर्दै उड्ने ॥

*कक्षा-२, नवोदय शिशु सदन, हेटौंडा-४*

## चित्रकला





श्रृष्टी श्रेष्ठ
कक्षा-१, लिटिल बडी स्कूल, हेटौंडा-४





प्रज्ञान आचार्य
कक्षा-१, जिएस निकेतन, हेटौंडा-५

## आफैँसँगको महा-विवाद



✍वैरागी माइलो

मभित्र मेरै अस्तित्वको एउटा महा-विवाद चल्दै छ
चेतनाको विशाल नदीमा सोचको आँधी बग्दै छ ।

डुब्ने पनि मै हुँ यहाँ, किनारा खोज्ने पनि मै
आफ्नै विरुद्ध आफ्नै, एउटा मौन युद्ध चल्दै छ ।

कहिले म न्यायाधीश बन्छु, कहिले आफैँलाई दोषी देख्छु
कहिले मन पत्थर बन्छ, कहिले आफैँभित्र कोसी देख्छु ।

हिसाब गर्दा आफैँसँग, सधैँ रित्तो हात हुन्छु
आफैँले बुनेका भ्रमका जालीमा, अचेल म मात हुन्छु ।

कसरी लुकाउनूँ ती कुरा, जो ऐनाझैँ छर्लङ्ग छन्
मेरा सबै आशाहरू, आफ्नै गल्तीमा नग्न छन् ।

मभित्रको मलाई नै यहाँ, पीडाको रापले सेक्नुपर्दछ
मेरै गल्तीको सजाय पनि, मेरै भागमा लेख्नुपर्दछ ।

हो, आज फेरि मभित्र मैसँग भीषण विवाद चल्दै छ ।

*(स्रोतः साहित्यपोष्ट)*

# अनाम सम्बन्ध



**कविर गौतम**

आज फेरि तिम्रो स्मरण आयो,
समयको घडी रोकिने त्यो सूक्ष्म क्षणमा
जहाँ सास पनि ध्यान बन्छ
र मौन स्वयं मन्त्र जप्छ ।

तिमी सम्झना होइनौ,
न कुनै अधुरो चाहना;
तिमी त
मेरो चेतनाभित्र उज्यालो बनेर बस्ने
एक अव्यक्त उपस्थिति हौ ।

अचेल शब्दहरू
माथि-माथि मात्र घुम्छन्,
किनकि गहिराइमा पुगेपछि
भाषा विगलित हुन्छ ।
त्यहाँ
भावनाहरू नदीझैँ बग्दैनन्
ती त सागर हुन्,
जहाँ डुबेर मात्र थाहा हुन्छ
गहिराइ कति छ भनेर ।

तिमीलाई प्रेम गर्नु
अब चाहनाको विषय रहेन;
यो त साधना भयो
दैनिक जप,
जहाँ तिम्रो नाम उच्चारण नगरी पनि
तिम्रै स्पन्दन सुनिन्छ ।

म तिमीलाई पाउन चाहन्न,
किनकि पाउनु सीमित गर्नु हो;
म तिमीलाई अनुभव गर्न चाहन्छु,
जसरी आरतीको धूप
हावामा घुल्छ
नदेखिए पनि
सुगन्धले भरिरहन्छ ।

तिमी स्वतन्त्र आकाश हौ भने,
म आकाङ्क्षा होइन,
म त प्रार्थना बन्छु
जसले आकाशलाई
कहिल्यै बाँध्दैन,
केवल निहुरेर नमन गर्छ ।

मेरो नभए पनि तिमी,
तिम्रो नभए पनि म
तर चेतनाको कुनै अदृश्य वृत्तमा
हामी एउटै कम्पन हौँ ।

जसरी नदी
समुद्रलाई छुन आतुर हुँदैन,
किनकि ऊ जान्दछ
उही यात्रामा
समुद्रको अंश बगिरहेको छ ।

त्यसैले
यो प्रेम पिँजडा होइन,
यो मुक्ति हो ।
यो स्वामित्व होइन,
यो आत्मसमर्पण हो ।

आज फेरि तिम्रो स्मरण आयो
र मैले डायरीमा होइन,
आफ्नै अन्तरात्मामा
तिम्रो नाम लेखेँ ।

जहाँ न म छु,
न तिमी;
केवल एक नि:शब्द एकत्व छ
अनन्त,
अविच्छिन्न,
अद्वैत ।

# कहाँ तिमी राजकुमारी हौ ?



**सुमन राय**

कहाँ तिमी राजकुमारी हौ,
तिमी त मेरी रानी हौ ।

सफा शुद्ध पानी हौ ।
म जीवन हो भने तिमी जवानी हौ ।
मलाई पुग्ने गरी माया दिने दानी हौ ।

कहाँ तिमी राजकुमारी हौ,
तिमी त मेरी रानी हौ ।

म आँखा अनि तिमी नानी हौ ।
म क-ख-ग को क पनि होइन होला
तिमी ज्ञ सम्म जानेकी ज्ञानी हौ ।

कहाँ तिमी राजकुमारी हौ,
तिमी त मेरी रानी हौ ।

म खोलाको ढुङ्गा पनि होइन होला,
तिमी हीराको खानी हौ ।

म जीवनको एक पन्ना पनि होइन,
होला तिमी त पूरा जिन्दगानी हौ ।

कहाँ तिमी राजकुमारी हौ,
तिमी त मेरी रानी हो ।

*कक्ष-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# गीत



**नवशिला**

बन्नु छ खुसी हामी दु:ख बिसाउनु छ
बाँड्नु छ भाइचारा प्रेम मिसाउनु छ ।

जाने हो हामी रित्तै तेरो र मेरो किन
हुन्न अमर कोही आउँछ सबैको दिन
त्यागेर लोभ मोह जीवन चलाउनु छ
बन्नु छ खुसी हामी दु:ख बिसाउनु छ ।

कोर्नु छ भाग्य रेखा सद्भाव र सुकर्म
गर्नु छ श्रम हरदम गर्नु छ अर्म पर्म
भेट्नु छ लक्ष्य छिट्टै बाटो बनाउनु छ
बन्नु छ खुसी हामी दु:ख बिसाउनु छ ।

बनेर आम मान्छे त्यागी घमण्ड सारा
हुनु छ कर्मशील बाँड्नु छ भाइचारा
हेरेर दुनियाँ सारा चित्त बुझाउनु छ
बन्नु छ खुसी हामी दु:ख बिसाउनु छ ।

*बेलबारी-२, नवदेव मार्ग लालभित्ती, मोरङ*

# Grandma's Scarf



**Basudha Subedi**

As your last memory, you gave me a scarf
I miss you every single day but you are far
When I smell the scarf
I feel you closer

Describing the scarf feels like describing you
White and pink, simple but cute
I know that you are not with me anymore
But looking at your scarf makes me feel you

Wearing scarf feels I am hugging you
Clicking pictures, making memories without you
When I search for you
I realize I'm not with you

Lots of pain over here
Last moment when I had tears
I love the story of the scarf
That you had gifted me before you went so far!!!

*Grade-7, Navodaya Shishu Sadan, Hetauda-4*

# Beyond Age



**Pramita Karki**

What really is maturity??
Is it just growing older
or is it being able to hide your pain behind your smile
even when you're hurt??

Perhaps maturity is
when silence becomes deeper than any words,
and understanding takes the place of anger,
when the eyes are dry,
yet storm rages within
but in front of others,
pain is hidden behind the smile.

Maturity doesn't count accepting defeat
but recognizing the lesson hidden within it,
when others succeed,
the heart doesn't sway
but continues in its path with patience

Maybe maturity is
caring for your own wounds
and with time learning to understand yourself

In the end maturity isn't just about
getting older
but being able to hold and guide a child within you.

*Teacher, Navodaya Shishu Sadan, Hetauda-4*

# निस्तब्धताको उज्यालो क्षण



**नरेन्द्रनाथ भट्टराई**

हल्लाहरू थाकेर विश्राममा ढल्किएका छन्
नाराहरू आफ्नै प्रतिध्वनिमा विलीन
रङ्गिएका पर्खालहरू अब
समयका निस्तब्ध साक्षी मात्र ।

कोलाहल थामिएपछि मात्रै
फक्रिन्छ आत्माको सुमधुर स्वर
भीडबाट अलग्गै मनको भित्री आँगनमा
विवेकको दीप बिस्तारै प्रज्वलित हुन्छ ।

न बाजा, न ताली
न उन्माद, न उक्साहट
केवल आत्मासँगको निस्तब्ध संवाद
मनको तराजुमा तौलिँदै देशको भोलि ।

निस्तब्धता डरको छाया होइन
यो त स्वतन्त्रताको उज्यालो उत्सव हो
जहाँ हरेक नागरिक आफ्नो निर्णयमा
भविष्यको रेखा कोर्छ ।

एउटा मत सानो जस्तो देखिने
तर इतिहास मोड्ने शक्ति बोकेको
शान्त समय नदीमा तरङ्ग फैलाउने
जीवित ढुङ्गा ।

निस्तब्ध अवधि केवल मौनता होइन
यो लोकतन्त्रको ध्यान हो
आशाको प्रार्थना, उत्तरदायित्वको उच्चतम क्षण ।

यही निस्तब्ध उज्यालोमा खुल्छ
अन्तरात्माको ढोका
र मतपत्रमा अङ्कित हुन्छ
शान्ति, न्याय र समृद्धिको साझा सपना ।

त्यसैले सुनौं निस्तब्धताको आवाज
जो भीडभन्दा गहिरो, नाराभन्दा सत्य
इतिहासभन्दा दीर्घ
किनकि जब जनता निस्तब्ध हुन्छन्
त्यही क्षण लोकतन्त्र बोल्न थाल्छ ।

*(स्रोत: साहित्यपोष्ट)*




# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: राजनीति गर्नेका लागि कर्मसिद्धिको समय रहेको छ । कामको मूल्यांकन होला । धन खर्च र बचत होला । कार्यक्षेत्रमा ठूलाको सहयोग प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहला । मिहिनेतले राम्रै प्रतिफल प्राप्त होला । गृहिणीका लागि कामको चटारो होला । धार्मिक एवम् सामाजिक काममा मन जाला । परोपकारजन्य कामबाट लाभ प्राप्त होला ।

**वृष राशि**: विगतको पारिश्रमिक हात पर्ला । योजना बनाएर काम गर्दा राम्रो रहन्छ । सेवामूलक कामबाट प्रतिष्ठा प्राप्त होला । मनपर्ने भौतिक साधन जोडिएला । प्रतिस्पर्धीलाई उछिन्न सकिएला । व्यापार–व्यवसायका कारोबारमा असर नहोला । धार्मिक एवम् सामाजिक काममा मन जाला ।

**मिथुन राशि**: मानसिक रुपमा सबल बनिने समय योग छ । आवेग र रिस रागमा नियन्त्रण गर्दा राम्रो रहन्छ । काममा गुणस्तर तर्फ ध्यान दिँदा राम्रो । कसैलाई झट्ट विश्वास नगर्दा राम्रो । मनमा नवीन कुरा आउन सक्छ । कसैको बहकाउमा नफस्दा राम्रो रहन्छ । हाँके–ताकेका काममा मन जाला । स्वास्थ्यमा ध्यान पुऱ्याउँदा राम्रो रहनेछ ।

**कर्कट राशि**: प्रेम र मित्रताको बन्धनमा बाँधिने समय छ । नयाँ ज्ञान र अनुभव प्राप्त होला । प्रियजनसँगको भेटघाटले मन आनन्दित होला । सहयोग, उपहार प्राप्त होला । आम्दानी बढ्ला । मन आकर्षित गरिने समय योग छ । बाचा–बन्धन नगर्दा राम्रो । भौतिक सुविधाममा मन जाला । सामाजिक काममा मन जाला । गृहिणीका लागि आनन्दमा रमाइएला । पढाइ–लेखाइ ठिकै छ ।

**सिंह राशि**: प्रशासन सुरक्षा, खेलकुद र कानुनी क्षेत्रका व्यक्तिका लागि राम्रो समय छ । रिस र घमण्डले भने छोड्ने छैन । व्यवहारमा लचिलो बन्दा राम्रो । बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहन्छ । आर्थिक क्रियाकलापमा सोचे अनुरुप नै मान्नुपर्दछ । व्यापार–व्यवसायमा अवरोध आउने छ । सामाजिक र परोपकारजन्य काममा मन जाला । पढाइ–लेखाइ ठिकै होला ।

**कन्या राशि**: मनमा सलबलाएका कल्पना र लहडलाई कार्यान्वयन गर्दा राम्रो रहनेछ । लक्ष्यप्रति गम्भीर हुँदा राम्रो रहन्छ । पेशा वा व्यवसायमा सहभागी भइएला । नातेदारसँग सम्बन्ध बढ्ला । बौद्धिक कार्यमा मन जाला । शिक्षा–दीक्षा ठिकै रहने छ । धार्मिक योग छ । पढाइ–लेखाइ ठिकै छ ।

**तुला राशि**: महत्वकांक्षा र सपनालाई जीवन्त तुल्याउँदा राम्रो रहनेछ । इच्छा शक्ति र मनोबललाई उच्च राख्दा राम्रो रहन्छ । आफ्नो सामर्थ्य अनुसार काम गर्दा राम्रो । कुटनैतिक सम्बन्धले लाभ प्राप्त होला । मानसिक अस्थिरता प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहने छ । सामाजिक एवम् धार्मिक कृत्यमा सरिक ।

**वृश्चिक राशि**: आत्मविश्वास र दृढ इच्छाशक्तिको उदय होला । कडा परिश्रम गर्न प्रेरित भइने छ । हर्षित मनोवृत्तिले आकर्षित बनाउला । लाभदायक समय छ । उत्कृष्ट खाना र पद प्रतिष्ठाबाट सम्मान प्राप्त होला । सामाजिक काममा मन जाला । अध्ययन–अध्यापन ठिकै रहला । धार्मिक कृत्यबाट लाभ ।

**धनु राशि**: धनधान्य र प्रतिष्ठा कमाइएला । बोलीमा समेत प्रबलता देखा पर्ला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाइएला । हौसला र जागरुकता बढ्ने छ । अरुलाई प्रभावित बनाइएला । शेयर कारोबारबाट लाभ होला । व्यक्तित्व विकासमा मद्दत होला । व्यापार–व्यवसाय ठिकै छ । अध्ययन–अध्यापन ठिकै छ ।

**मकर राशि**: बैङ्किक क्षेत्रको काममा सरिक भइएला । प्रेमजीवनमा भेटघाट हुने र रमाइने समय छ । बोल्दा निकै बिचार पुऱ्याउनु पर्ला । सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने समय योग छ । शिक्षादीक्षा तर्फ मध्यमकारक छ । सामाजिक एवम् परोपकारजन्य काममा सरिक भइने समय योग छ ।

**कुम्भ राशि**: एकाग्रतामा कमी हुने समय छ । व्यापार र कारोबारका लागि जोखिम र सङ्कट आइपर्ला । यातायात र ढुवानीको क्षेत्रबाट लाभ प्राप्त होला । जागिरमा मन अस्थिर र काँतर होला । निर्णय गर्नुपर्दा दोधारे बनिने छ । गोप्य शत्रुहरुबाट सजग रहनु होला । गृहिणीहरुले तालासाँचो बलियो बनाउनु पर्ला । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**मीन राशि**: प्रतिष्ठित बन्ने मौका छ । द्वेष र ईर्ष्या गर्नेहरुले हार खालान् । शत्रु र रोगमाथि विजय प्राप्त होला । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिने छ । परिश्रमले प्रतिस्पर्धामा विजय होला । सामाजिक एवम् धार्मिक काममा मन जाने समय छ । अध्ययन–अध्यापन ठिकै रहला । सहकार्यमा काम गर्दा व्यय हुने समय योग छ ।

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**

## वास्तु किन चाहिन्छ ?

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**



- पन्चतत्व सन्तुलित राख्न,
- वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

- वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
Mobile Numerology,
Crystal Remedy

**Contact :**
Sanukajis Ghalan
9766120056
9824224095

## सेनेटरी प्याड खरिदको लागि कोटेशन माग गरिएको सम्बन्धमा

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/१४)*

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स. को मिति २०८२/१२/१२ गतेको बैठकको निर्णय अनुसार चालु आ.व. २०८२/२०८३ को बजेट रकम बमोजिम विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड बितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को अनुसूची १ (एक) बमोजिमको सेनेटरी प्याड खरिदको लागि आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स वा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातहरु सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा विद्यालयको समयभित्र निवेदन दर्ता गराउनुहुन सेनेटरी प्याड खरिदको लागि कोटेशन माग गरिएको व्यवहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

रित नपुगेको वा आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिने छैन ।

**तपसिल** :
१. उत्पादन गर्ने उद्योगको नाम सहित सेनेटरी प्याड कुन दर भाउमा दिन सकिन्छ सो रकमप्रति प्याकेटको दरमा उल्लेख गरेको कोटेशन ।
२. फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
सम्पर्क: ९८४५८४६६२८

**श्री चन्द्रोदय आधारभूत विद्यालय**
**हेटौंडा–१३, टुटेपानी, मकवानपुर**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## रोजगारीको अवसर

हेटौंडास्थित एक होटलका लागि तपसील बमोजिमको कामदार आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकले २०८२ चैत १३ गतेसम्ममा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**
कुक - २ जना
काउन्टर सेल्सम्यान-३ जना
किचन (स्वीट्स) हेल्पर : ५ जना ।
बेकरी हेल्पर : ३ जना ।
क्लिनर : २ जना ।

**सेवा, सुविधा आपसी सहमतिमा तय गरिनेछ ।**

सम्पर्क : ९८२१-२५९३९३

### प्रथम बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी सुरु

# अनुदान किसानलाई अल्छि बनाउन दिएको होइन : मन्त्री पौडेल



मेलामा राखिएको स्टलको अवलोकन गर्नुहुँदै मन्त्री पौडेलसहित अन्य अतिथिहरु ।

समाज संवाददाता

हेटौँडा : हेटौँडामा प्रथम 'बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी' सुरु भएको छ । मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा शुक्रबारदेखि हेटौँडा-२ स्थित पल्पसा सदनमा प्रदर्शनी सुरु भएको हो ।

प्रदर्शनीमा ४० वटा स्टलहरू रहेका छन् । प्रदेशका सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, चितवन र मकवानपुरका कृषक तथा कृषि उद्यमीहरूले स्टलहरु राखेका छन् । कृषक र अवलोकनकर्तालाई प्रोत्साहन गर्नका लागि प्रदर्शनीमा स्टल शुल्क र प्रवेश निःशुल्क गरिएको छ भने टाढाबाट आउनेहरुका लागि खाजा र बासको समेत व्यवस्था गरिएको छ ।

प्रदर्शनीको मुख्य उद्देश्य युवा पुस्तालाई कृषिमा आकर्षित गर्नु र कृषकहरूको मनोबल उच्च बनाउनु रहेको छ । प्रदर्शनीमा राखिएका स्टलहरूमा विषादीरहित जैविक खाद्यान्न मात्रै बिक्री वितरण गरिने आयोजकले जनाएको छ । प्रदर्शनीमा कोदो, जुनेलो, फापर, मकैको पिठो, विभिन्न गेडागुडी, मसला, केराको चिप्स र अचारजस्ता खाद्य सामग्रीका साथै बाटेको धुप, गोबरबाट निर्मित दियो र गाँजाको रेशाबाट निर्मित कपडाहरू बिक्री वितरण भइरहेको छ । शुक्रबारदेखि सुरु भएको प्रदर्शनी सोमबारसम्म चल्नेछ ।

बागमती प्रदेश सरकारका कृषि तथा पशुपंक्षी विकास मन्त्री मधुसुदन पौडेलको प्रमुख आतिथ्यमा प्रदर्शनीको उद्घाटन समारोह भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री पौडेलले कृषिसँग जोडिएको उद्योग मात्रै नेपालमा राम्रोसँग चल्न सकेको बताउनुभयो । कृषिप्रधान देश भनेर गर्व गरेर मात्रै बसिरहने नभएर कृषिलाई प्रविधिसँग जोड्नु आजको आवश्यकता रहेको उहाँको भनाई छ । कृषि अनुदान किसानलाई अल्छि बनाउन दिएको होइन भन्नुहुँदै अबदेखि वास्तविक किसानले अनुदान पाउने गरी उत्पादनका आधारमा अनुदान दिनुपर्ने कुरामा जोड दिनुभयो । प्रदेश सरकारले कोदो र फापर खेतिका लागि नियम, कानुन बनाए पनि कार्यान्वयनमा ल्याउन नसकेका कारण कोदो पनि अब विदेशबाट आयात गर्नुपर्ने अवस्था आइसकेको उहाँले औँल्याउनु भयो । सरकारको काम स्वदेशी किसानको उप्तपादनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

प्रदर्शनी स्थलमा शनिबार किसानको सफलताको कथा र आइतबार कृषि सम्बन्धी प्यानल छलफल कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटको सभाध्यक्षतामा भएको उद्घाटन समारोहमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, प्रहरी प्रमुख श्यामबहादुर खत्रीको पनि आतिथ्य रहेको थियो ।

### प्रधानमन्त्री कप क्रिकेट

# मधेश प्रदेश शीर्षस्थानमा




प्लेयर अफ द म्याच मधेश प्रदेशका विशाल पटेललाई ट्रफीसहित पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौँडा : पुरुष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ मा मधेश प्रदेश शीर्षस्थानमा उक्लिएको छ । शुक्रबार लुम्बिनी प्रदेशलाई २५ रनले हराउँदै मधेश अंक तालिकाको शीर्षस्थानमा उक्लिएको हो ।

शुक्रबार जनकपुरमा भएको खेलमा मधेशले लुम्बिनी प्रदेशलाई २५ रनले पराजित गरेको हो । टस जितेर मधेशले व्याटिङ राजेको थियो । सुरुमा व्याटिङ गरेको मधेशले ३८ ओभर १ बलमा १२४ रनमा अलआउट हुँदै लुम्बिनी सामु १२५ रनको लक्ष्य प्रस्तुत गरेको थियो । मधेशका मयन यादवले ३१ रन र आदिल आलमले २३ बनाए । लुम्बिनीका सन्देश थापा र सन्तोष यादवले समान ३ विकेट लिए । जवाफी व्याटिङ गरेको लुम्बिनी ९९ रनमै रोकियो । लुम्बिनीले २६ ओभरमा ९९ रनमा अलआउट भयो । लुम्बिनीका सुमित श्रेष्ठले ३० रन बनाए । मधेशका विशाल पटेल एक्लैले ५ विकेट लिए । विशाल प्लेयर अफ द म्याच घोषित भए । प्रतियोगितामा मधेशको यो लगातार दोस्रो जीत हो भने लुम्बिनीको यो पहिलो हार हो ।

यस्तै, शुक्रबार वीरगंजस्थित नारायणी रङ्गशालामा भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई ७ विकेटले पराजित गरेको छ । टस हारेर व्याटिङको निम्तो पाएको कोशीले ४३ ओभर ४ बलमा अलआउट हुँदै १३० रन बनायो । कोशीका शिवांश बजगाइले २५ रन र सुमन श्रेष्ठले २४ रन बनाए । सुदूरपश्चिमका हेमन्त धामीले ४ विकेट र किरण ठगुन्नाले २ विकेट लिए ।

कोशीले दिएको १३१ रनको लक्ष्य सुदूरपश्चिमले १९ ओभर ५ बलमा ३ विकेट गुमाएर भेट्टायो । सुदूरपश्चिमका खडक बोहोराले ६६ रन र किरण ठगुन्नाले अविजित २५ रन बनाए । कोशीका विपिन महतोले २ विकेट र ज्ञानेन्द्र श्रेष्ठले १ विकेट लिए । प्रतियोगितामा सुदूरपश्चिमको यो दोस्रो जीत हो भने कोशीको लगातार तेस्रो हार हो । सुदुरपश्चिमका हेमन्त धामी प्लेयर अफ द म्याच घोषित भए । सुदुरपश्चिम ३ खेलबाट ४ अंकसहित अंक तालिकाको चौथो र ३ खेलबाट ३ अंक जोडेका लुम्बिनी पाँचौ स्थानमा छ भने कोशी पुच्छारबाट दोस्रो स्थानमा रहेको छ ।

# राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा काभ्रे प्रथम




तेक्वान्दोमो प्रथम भएको काभ्रेलाई पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौँडाः प्रथम राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगितामा काभ्रे जिल्लाको टिम प्रथम भएको छ । हेटौँडामा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव अन्तर्गत भएको प्रतियोगितामा ७ स्वर्ण, १ रजत र १ कास्य जित्न सफल काभ्रे प्रथम भएको हो ।

प्रतियोगितामा २ स्वर्ण, २ र जत र ३ कास्यसहित नुवाकोट दोस्रो र २ स्वर्ण, २ रजत र २ कास्य जितेको काठमाडौंले तेस्रो स्थान हासिल गरेको छ । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गरेका टोलीले क्रमशः ५० हजार, ३५ हजार र २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र ट्रफी प्राप्त गरेका छन् ।

प्रतियोगितामा पुरुषतर्फ काभ्रेका किरम तामाङ र महिलातर्फ दाङकी वर्षा घर्ती मगर उत्कृष्ट खेलाडी घोषित भएका छन् । उत्कृष्ट खेलाडीलाई श्रीराम लामाले समान ३/३ हजार रुपैयाँ पुरस्कार प्रदान गर्नुभयो ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजना तथा मकवानपुर जिल्ला तेक्वान्दो संघको व्यवस्थापनमा हेटौँडा-१०, टिसिएन चौरमा प्रतियोगिता भएको थियो । प्रतियोगितामा महिलातर्फ ४५ जना र पुरुषतर्फ ७८ जना गरी कुल १२३ जना खेलाडीको सहभागिता रहेको थियो । प्रतियोगितामा महिलातर्फ ४२, ४६, ४९, ५३ र ५७ केजी तौल समूहका खेलाडी सहभागी भएका थिए । पुरुषतर्फ ४८, ५१, ५४, ५८, ६३ र ६८ केजी तौल समूहका खेलाडीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा रुपन्देही, पर्सा, बारा, काभ्रे, काठमाडौं, भक्तपुर, नुवाकोट, चितवन, दाङ र रसुवा जिल्लाको एक-एक वटा र मकवानपुरको दुई वटा टोली गरी १२ टोलीको सहभागिता थियो ।

# करेन्ट लागेर विजय घाइते

समाज संवाददाता

हेटौँडा : पूर्वी मकवानपुरको बकैया गाउँपालिका-६, सुधामा करेन्ट लागेर एक जना घाइते भएका छन् । घाइते हुनेमा ४७ वर्षीय विजय भोलन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बिहीबार दिउँसो १२ बजेको समयमा गाउँघरमा विद्युतसम्बन्धी काम गर्दै आएका विजयले स्थानीय फुलमाया पाखिनको घरमा विद्युत जोड्ने क्रममा बिजुलीको पोलमा चढेका थिए । सोही क्रममा अचानक करेन्ट लागेर उनी पोलबाट खसेको प्रहरीले जनाएको छ । विजुलीको पोलबाट खसेको विजय मध्यम घाइते भएका छन् । विजयको हेटौँडास्थित सिएमसी चुरेहिल अस्पतालमा उपचार भइरहेको छ ।

# तरकारीको भाउ बढ्यो

समाज संवाददाता

हेटौँडाः केहि दिनअघि परेको असिना, पानी र मौसममा बदली भएका कारण हेटौँडामा तरकारीको मूल्य बढेको छ । थोक बजारमा दुई साता अघिको तुलनामा तरकारीको मूल्य बढेको तरकारी व्यवसायी गोविन्द दहालले जानकारी दिनुभयो ।

तरकारीको भाउ अझै १५ दिनसम्म बढ्ने उहाँले बताउनुभयो । स्थानीयस्तरका तरकारी प्रर्याप्त भए पनि गोलभैँडाको आयात कम रहेको छ । अहिले गोलभैँडा बाहिरबाट ल्याउने अवस्था रहेको छ । बाहिरबाट आयात हुने तरकारीको भाउ बजारमा बढिरहेको पाइन्छ । भारतबाट परबल, हरियो खुर्सानी, गोलभैँडालगायतका तरकारी आयात गरिँदै आएको छ । गर्मी बढेसँगै स्थानीय उत्पादनमा वृद्धि आउने उहाँको भनाइ छ ।

शुक्रबार थोक बजारमा काउलीको मूल्य प्रतिकिलो ५० रुपैयाँ रहेको छ । गोलभैँडा लोकलको ६५ र भारतीयको ३० रुपैयाँ थोक मूल्य रहेको छ । यस्तै, गाँजर २५, लौका ७५, बन्दा १५, भण्टा ३५ , भिडे खुर्सानी १०० र मुला १५ रुपैयाँ प्रतिकेजी मूल्य रहेको छ । मटरकोसा ४५, काँक्रो ३०, बोडी १२०, तितेकरेला १३०, भिण्डी १३०, हरियो खुर्सानी १४०, लट्टे साग २५, फर्सी ५०, हरियो प्याज (साग) ६०, लसुन साग ५०, आलु लाम्चो १७, डल्लो १९ र प्याज ३५ रुपैयाँ प्रतिकिलो बिक्री भइरहेको दहालले जानकारी दिनुभयो ।

# हेटौँडा बचतमा निर्वाचन, आज मतगणना



निर्वाचन कार्यक्रमअन्तर्गत मतदान गर्दै एक सेयर सदस्य ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-७, नागस्वतीस्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र लेखा समिति संयोजक चयनका लागि शुक्रबार निर्वाचन भएको छ । नवज्योति माध्यमिक विद्यालय परिसरमा भएको निर्वाचनमा २ हजार ८ सय ८७ जनाले मतदान गरेका छन् । हेटौँडा बचतको सेयर सदस्य ६ हजार ९ सय ९३ जना छन् ।

शुक्रबार भएको निर्वाचनको मतगणना शनिबार बिहान ७ बजेदेखि हुने निर्वाचन संयोजक वीरेन्द्रप्रसाद ढुंगानाले जानकारी दिनुभएको छ । सहकारीको अध्यक्षमा राजु वाईबा र रामशरण गौतमको उम्मेदवारी परेको छ भने उपाध्यक्षमा खडानन्द चौलागाई, दीपप्रसाद अधिकारी र सिताराम प्रधानको उम्मेदवारी परेको छ । कोषाध्यक्षमा भीमसेन गौतम र मोनिका पौडेलको उम्मेदवारी परेको छ भने लेखा समिति संयोजकमा कविन पन्त र विष्णुप्रसाद अर्जेलको उम्मेदवारी परेको छ ।

यसअघि सचिवमा युवराज गौतम, सञ्चालक सदस्यमा ध्रुवकृष्ण कुँवर, उर्मिला चौलागाई, अम्बिका कार्की, सरस्वती थापा र विजेता सापकोटा सर्वसम्मत निर्वाचित भइसकेका छन् । लेखा समिति सदस्यमा सौरभ अधिकारी र कुसुम रिजाल चयन हुँदा ऋण उपसमिति सदस्यमा कृष्णप्रसाद दाहाल, भक्तबहादुर केसी पनि सर्वसम्मत चयन हुनुभएको छ ।

### भगवतीको पार्लर नयाँ स्वरूपमा

# नगरप्रमुख लामाले गरिन् उद्घाटन




पार्लर उद्घाटनपछि नगरप्रमुख लामासहित सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ गणेश मन्दिर नजिकै भित्रि सडक छेउ रहेको टच टु ग्लो व्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टरलाई सञ्चालक भगवती श्रेष्ठले मानसचोकबाट दक्षिणतर्फ मेनरोडमा नयाँ स्वरुपमा तयार पार्नुभएको छ । १० वर्षदेखि सञ्चालनमा रहेको पार्लरलाई भगवतीले झण्डै १० लाख रुपैयाँ लगानी थपेर नयाँ स्वरुपमा तयार पार्नुभएको हो ।

श्रेष्ठको पार्लर शुक्रबार बिहान हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले उद्घाटन गर्नुभयो । वडाध्यक्ष विष्णुगोपाल महर्जनको पनि उपस्थितिमा उद्घाटन कार्यक्रम भएको हो । १० वर्षको अनुभव र सेवाग्राहीको विश्वासपछि लगानी थप गरेर व्यवसाय विस्तार गरेको सञ्चालक श्रेष्ठले बताउनुभयो । स्वरोजगारको रुपमा पार्लर सञ्चालन गर्दै आएको र पछिल्लो समय तालिम समेत प्रदान गर्दै आएकोले राम्रो आय भइरहेको उहाँको भनाई छ । पछिल्लो समय हेटौँडाका पुराना व्युटी पार्लरहरु तालिम प्रदायक संस्थाको रुपमा विकसित हुँदै आएको छ भने स्वरोजगारसँगै रोजगारीको अवसर पनि सिर्जना गर्दै आएको छ ।

# कारको ठक्करबाट नारायणीको मृत्यु

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, विशालचोकमा कारले ठक्कर दिँदा एक जना साइकलयात्रीको मृत्यु भएको छ । बिहीबार राती १२ बजेर ५० मिनेटको समयमा भरतपुर-११ का ४७ वर्षीया नारायणी रेग्मीलाई अनटेस्ट कारले ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा उनी गम्भीर घाइते भएकी थिइन् । घाइते रेग्मीलाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा शुक्रबार बिहान चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । कार चालक धादिङ जिल्लाको गल्छी गाउँपालिका-८ का २२ वर्षीय प्रकाश मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान**

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, मकवानपुर

**सामाजिक तथा साँस्कृतिक सद्भाव कायम राखौँ ।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौँ,
- विविधतामा एकताको भावना विकास गरौँ,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौँ,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔँ,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौँ,
- संवाद, सहकार्य बढाऔँ,
- आपसी समझदारी कायम गरौँ,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौँ ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हेटौँडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौँ ।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ